गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८०।०३।०६ गतेका दिन गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको आ.व. २०७९।८० को १८ औ तथा नरिन्तरताको १०५ औ वैठक गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको वैठक कक्षमा बस्यो । उपस्थिती र निर्णय देहाय बमोजिम रहेको छ ।

| सि.न. | पदाधिकारीज्यूहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोपमान गुरुङ | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री यम बहादुर थापा | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री राजुबाबु भण्डारी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री पहलमान बयालकोटी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री तुल बहादुर गुरुङ | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कोकील बहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १३ | श्री कुन्तीमाया प्रजा | कार्यपालिका सदस्य | |

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| १४ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | [illegible] |
| १५ | श्री लक्ष्मी बागदास | कार्यपालिका सदस्य | laxmi |
| १६ | श्री अ माया राना | कार्यपालिका सदस्य | अमाया |
| १७ | श्री रिजेश उपरकोटी | प्रमुख प्रशासकिय अधिकृत | |

आमन्त्रीत सदस्य :

**प्रस्ताव नं १ : आ.व. २०८०।८१ को निती तथा कार्यक्रम निर्माण सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस गण्डकी गाउँपालिकामा आगामी आर्थिक वर्ष २०८०।८१ को लागि संघ तथा प्रदेशबाट वित्तिय समानिकरण तथा राजस्व बाँडफाड लगायत समपूरक एव विशेष अनुदान मार्फत हस्तान्तरण भएको बजेटका बारेमा जानकारी भयो । यसबारे स्रोत निर्धारण तथा अनुमान समितिद्धारा निर्णय सहित सिफारिस गरिएको वडागत तथा शाखागत बजेट सिमाअनुसार कार्यक्रम पेश गर्न वडालाई जानकारी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २ : जग्गा वर्गिकरण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस गण्डकी गाउँपालिकाको भू उपयोग, वर्गिकरण,समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दिगो लाभ हासिल गर्ने सम्बन्धमा यस कार्यालयबाट छनौट भएको परामर्दाता श्री तारापुञ्ज ईन्जिनियरिङबाट पेश भएको अन्तिम प्रतिवेदन आवश्यक पृष्ठपोषण तथा छलफल सहित मिति २०८०।०३।०६ गतेको स्थानीय भू उपयोग परिषदको बैठकबाट पारित भई यस कार्यापालिकामा पेश भएको सम्बन्धमा आवश्यक छलफल भयो । यस सम्बन्धमा पेश अन्तिम प्रतिवेदन स्वीकृत गरि सम्बन्धित जिल्ला स्थित कार्यालयहरुलाई प्रतिवेदन सहित आवश्यक कार्यार्थका लागि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं ३ : क्षमता विकास योजना स्वीकृत गर्ने सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस गण्डकी गाउँपालिका तथा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान बिच यस गाउँपालिकाको क्षमता विकास योजना निर्माण गर्ने सम्बन्धमा मिति २०७९।०८।०९ गते भएको सम्झौता बमोजिम यस कार्यालयबाट सो योजना निर्माण गर्न परामर्शदाताको रुपमा छनौट भएको श्री कोअलिसन फर ट्रेनिङ रिसर्च एण्ड डेभेलप्मेन्ट प्रालिद्धारा निर्माण भएको यस गण्डकी गाउँपालिकाको क्षमता विकास योजनाको अन्तिम प्रतिवेदन यस कार्यपालिकामा पेश भयो । प्रतिवेदनमाथि आवश्यक छलफल भई सो क्षमता विकास प्रतिवेदन यस कार्यपालिकाबाट स्वीकृत गर्ने निर्णय

गरियो । स्वीकृत प्रतिवेदन सहित अन्य आवश्यक कागजात सम्मिलित प्रतिवेदन अन्तिम भुक्तानीका लागि गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा पत्राचारका लागि आवश्यक कार्य गर्ने निर्णय गरियो ।

विविध :

**प्रस्ताव नं ४ : संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानिकरणतर्फको अनुदान सम्बन्धमा**

उपरोक्त सम्बन्धमा संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानिकरणतर्फको अनुदानको चौथो त्रैमासिकको निकासा हाललाई ५० प्रतिशतमात्र निकासा हुने भनि मिति २०८०।०१।१४ अर्थ मन्त्रालयको प.स. ०७९।८०, च.न.१२१ को पत्रानुसार पत्राचार भएको सम्बन्धमा यदी उक्त रकम यस आवको अन्तिम सम्ममा पनि प्राप्त नभएको खण्डमा यस आ.व.मा विविध कारणले सुरुवात नभएका साथै राजस्व बाँडफाड र आन्तरिक श्रोत तर्फ खर्च नभएको बजेटबाट कार्यसम्पन्न भई भुक्तानी माग भएका समानिरकण अनुदानमार्फत सञ्चालन भएका विकास योजनाका कार्यक्रमहरुलाई नपुग रकम भुक्तानी हुने गरी गाउँपालिकाको तेह्रौ गाउँसभालाई अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ : गाउँपालिकाको प्रशासनिक भवनको माटो परिक्षण तथा डि.पि.आर खर्च सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि भूमि व्यवस्था मन्त्रालयको जग्गा स्वीकृत भईआएको तथा जिल्ला मालपोत कार्यालय गोरखाबाट जग्गा धनि पुर्जा समेत गाउँपालिकाको नाममा प्राप्त भईसकेको सम्बन्धमा प्रशासनिक भवनको निर्माण प्रयोजनका लागि यथाशिघ्र माटो परिक्षण तथा डि.पि.आर कार्य गर्नुपर्ने भएकाले सोका लागि आवश्यक बजेट जिल्ला मालपोत कार्यालयबाट यस आ.व. को लागि गण्डकी गाउँपालिकालाई प्राप्त हुने घरजग्गा रजिस्ट्रेशन बापतको आम्दानीबाट खर्च हुने गरी निर्णयार्थ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।